मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : २६४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ ५ गते शुक्रवार (Friday, Aug 21. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

घर भाडामा दिंदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# प्याजको निर्यात शून्य

**लक्ष्मी उप्रेती**

**मेचीनगर, भदौ ४।** आयात घटाउने र निर्यात बृद्धि गर्ने उद्देश्यसहित सरकारले ल्याएको प्याज विशेष कार्यक्रम असफल भएको छ। यसले आत्मनिर्भर अर्थतन्त्रको गफ हाँक्ने सरकारी असफलता पनि प्रष्ट गर्छ।

काँकरभिट्टा नाकाबाट मात्रै एक वर्षमा करोडौं रुपैयाँ मूल्य बराबरको प्याज नेपाल आयात भएको छ। २०६४ सालमा सरकारले झापासहित तराईका विभिन्न जिल्लामा प्याज विशेष कार्यक्रम सञ्चालनमा ल्याएको थियो। ऐन कानून बनाउने, महत्वाकांक्षी योजनाहरु ल्याउने अनि तत्काल घोषणा गरिहाल्ने तर त्यसको कार्यान्वयनमा भने कहिल्यै गम्भीर नबन्ने सरकारी कमजोरीले प्याज विशेष कार्यक्रम असफल भएको हो। कार्यक्रमले निरन्तरता पाउन नसकेकै कारण सरकारले योजना नै खारेज गरेको छ।

प्याजको आयात घटाउँदै नेपाली प्याजलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउनका लागि तराईका झापा, सप्तरी, बारा, रुपन्देही, कपिलवस्तु, बाँके बर्दियालगायतका जिल्लामा सरकारले प्याज विशेष मिसन ल्याएको थियो। योजना असफल भएपछि नेपाल प्याजका लागि समेत परनिर्भर बनेको छ। वितेको तीन आर्थिक वर्षमा पूर्वी नाका भएर हुने प्याजको निर्यात शून्य छ।

गत आर्थिक वर्ष २०७६/०७७मा काँकरभिट्टा नाका हुँदै ३ अर्व ८८ करोड ३५ लाख ९५ हजार रुपैयाँ मूल्य बराबरका १ लाख १० हजार ९ सय ४८ मेट्रिक टन खाद्यान्न र ताजा तरकारी नेपाल आयात भएको थियो। ताजा तरकारी सबै भारतबाट आयात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकरभिट्टाले जनाएको छ। आयातित तरकारीमध्ये प्याज मात्र ३ करोड ६२ लाख ८५ हजार रुपैयाँ मूल्य बराबरको १ हजार २ सय १० मेट्रिक टन रहेको कार्यालय प्रमुख वरिष्ठ



बाली संरक्षण अधिकृत हर्षहाङ्ग राईले बताए। तर, यस अघिका दुई आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने प्याजको आयात निक्कै उच्च छ। जुन अघिल्लो आर्थिक वर्ष २०७५/०७६ मा काँकरभिट्टा नाका भएर १३ करोड ५९ लाख ३० हजार रुपैयाँ मूल्य बराबरको ४ हजार ५ सय ३१ मेट्रिक टन प्याज भारतबाट आयात भएको देखिन्छ। आर्थिक वर्ष २०७४/०७५मा १६ करोड २७ लाख २० हजार रुपैयाँ मूल्य बराबरको ५ हजार ४ सय ५४ मेट्रिक टन प्याज भारतबाट आयात भएको कार्यालय प्रमुख राईले बताए।

भारतका विभिन्न प्रान्तबाट आयात हुने प्याज नेपालको संघीय राजधानीसहित मुख्य बजारसम्म पुग्ने गरेको छ। सरकारी मिसनमा प्याजको भण्डारण गर्न 'स्टोरेज हाउस' निर्माण गर्ने समेत योजना थियो। पतलैया, वुटवल, कोहलपुरमा 'भेन्टिलेटर प्याज' घर निर्माण गर्ने योजना मिसनमा भए पनि मिसनका कुनै पनि योजना पूरा नभएको सरकारी अधिकारीहरुको भनाइ छ। सरकारको छनौटमा परेका स्थानहरुमा कतै पनि निर्माण कार्य शुरु नभएका कारण योजनाहरु अधुरै रहेपछि सरकारले कार्यक्रम बन्द गरेको बताइएको छ। 'मिसनमा भएका योजनाहरु कार्यान्वयन गर्न नसक्दा मिसन प्रभावकारी बन्न नसकेको हो' नाम नलेख्ने शर्तमा एक सरकारी अधिकारीले भने- 'सरकारले निक्कै महत्वका साथ यो कार्यक्रम ल्याएको थियो, उद्देश्य अनुरुप योजना सफल हुन सकेन् र तीन वर्ष अघि नै योजना बन्द भयो।'

सरकारले छनौट गरेका सबै ठाउँमा निर्माण गर्ने योजना कागजमै मात्र सीमित भएका कारण पनि योजना असफल भएको सरोकारवालाहरुको भनाइ छ। सम्बन्धित निकायको निष्क्रियताका कारण कार्यक्रम प्रभावकारी नबन्दा वर्षेनि नेपाली बजारले भारतबाट आयातित प्याजको भर पर्नु परेको छ। प्याज विशेष कार्यक्रम प्रभावकारी बनाउन नसक्दा प्याजका लागि अर्काको भरपर्नु परेको स्थानीय जानकारहरु बताउँछन्। प्याजखेती बृद्धि न्यून रुपमा हुनु, लक्षित जमिनको हेक्टर नपुग्नु र 'भेन्टिलेटर प्याज' घर निर्माणका लागि सम्बन्धित सहकारी संस्थाहरुलाई आव्हान गर्दा समेत खासै चासो नदेखाउनुले पनि उत्पादनमा घटेर निर्यात बढाउन नसकिएको सरकारी पक्षको दावी छ। 'उत्पादन भएलगत्तै खपत गरिहाल्नु पर्छ नत्र कुहिने, सडिने डर हुने भएकाले किसान हत्तपत्त व्यावसायिक प्याज खेतीमा नलाग्नुको मुख्यः कारण रहेको कृषि प्राविधिक मुकेशकुमार श्रीवास्तवको भनाइ छ। नेपालमा प्याज उत्पादन हुने भए पनि भण्डारणको व्यवस्था पर्याप्त नभएका कारण व्यवसायिक रुपमा प्याज खेतीप्रति किसानको आर्कषण घटेको उनी बताउँछन्। 'नेपालमा प्याजको माग अनुसार उत्पादन छैन'- श्रीवास्तव भन्छन्- 'नेपालको उत्पादनले करिव ६ महिना पनि पुग्दैन नेपालमा उत्पादन नै छैन, उत्पादन भएको प्याजले ६ महिना पनि पुग्दैन अनि कसरी निर्यात होस्।'



**गिट्टी कुटेर जीविका चलाउँदैः** खोटाङको दिक्तेल–खानीडाँडा सडकखण्डको खाल्लेमा गिट्टी कुट्दै स्थानीयवासी। खाल्लेका अधिकांश स्थानीयले सो सडकखण्डमा गिट्टी कुटेर जीविका चलाउँदै आएका छन्। **तस्वीरः रासस**

## 'ट्राभल हिस्ट्री' नभएकालाई कोरोना

**झापा, भदौ ४।** गौरीगञ्ज गाउँपालिकामा पहिलो पटक समुदाय स्तरमा विहीवार कोरोना संक्रमण फैलिएको पुष्टि भएको छ।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६ घर भएका ३० बर्षीय पुरूषमा कोरोना संक्रमण भएको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले जानकारी दिए।

गौरीगञ्ज गाउँपालिकाको समन्वय र उद्योग वाणिज्य संघ गौरीगञ्जको आयोजनामा दोस्रो चरणमा ६१ जनाको स्वाव संकलन गरी पीसीआर परीक्षण गर्दा १ जना व्यापारीमा कोरोना संक्रमण पुष्टि भएको हो। पुष्टिभएसँगै

(बाँकी अन्तिम पृष्ठमा)

## डुबेर मृत्यु

**झापा, भदौ ४।** झापामा डुबेर एक जनाको मृत्यु भएको छ।

झापा गाउँपालिका वडा नं २मा रहेको सानो माईखोलामा डुवेर १४ बर्षीय बालक राजु भण्डारीको मृत्यु भएको हो।

सुष्त मनस्थितिको बालक भण्डारी अवेर बेलुकासम्म घर नआउँदा परिवारजनले गाउँघर, छरछिमेकमा खोज्दा बालक नभेटेपछि परिवार र छरछिमेकी मिलेर खोजेका थिए। खोजी गर्ने क्रममा घर नजिकै रहेको सानो माइखोलाको किनारमा खोलाको डिलमा बालकको कपडा देखेपछि परिवार र छरछिमेकीले इलाका प्रहरी कार्यालय कुमरखोद र सशस्त्र विओपी कैम्पलाई जानकारी गराएका थिए।

जानकारी पाए लगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरी घटनास्थल पुगेका थिए। प्रहरीको उद्धार टोलीले डुङ्गाको सहायताले सानो माईखोलामा खोजतलास शुरु गरेको थियो। पानी गहिरो थियो र रातको समयमा केही नदेखिने भएपछि ३-४ घण्टा खोजी गर्दा पनि नभेटेपछि विहान विहीवार खोज्ने भनी रेस्क्यु टोली फर्केको थियो।

इलाका प्रहरी कार्यालय कुमरखोदका सई खड्गबहादुर गिरीले

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा ३५००० स्मार्ट लाइसेन्स बितरण

**झापा, भदौ ४।** यातायात व्यवस्था कार्यालय झापाले हालसम्म ३५ हजार स्मार्ट लाइसेन्स बितरण गरेको छ।

सरकारले सबारी चालक अनुमति पत्रलाई स्मार्ट कार्डका रुपमा अनिवार्य गरेपछि पूर्वका चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङका गरी ३५ हजार एक सय २८ वटा स्मार्ट कार्ड बितरण गरिएको कार्यालयका प्रमुख कृष्णप्रसाद पौडेलले जानकारी दिए।

यातायात व्यवस्था कार्यालयमा स्मार्ट लाइसेन्स प्रिन्ट गर्ने मेसिन थोरै भएकाले सीमित संख्यामा मात्रै स्मार्ट लाइसेन्स आउने गरेकाले समस्या भएको उनको भनाइ छ। उनका अनुसार अझै ४० प्रतिशत सवारी चालकले चिटको भरमा सवारी सञ्चालन गर्दै आएका छन्।

कोरोना भाइरसका कारण हाल नयाँ आवेदन लिने काम बन्द भएकाले यातायात कार्यालयमा आउन बाँकी पुराना लाइसेन्सहरु धमाधम प्रिन्ट हुने क्रममा रहेको कार्यालय प्रमुख पौडेलले जानकारी दिए। लक डाउनको समयमा १४ हजारको स्मार्ट लाइसेन्स आएको पौडेलले बताए।

यातायात व्यवस्था कार्यालयले स्मार्ट लाइसेन्सको अवधारणा ल्याए पनि ट्राफिक प्रहरीसँग स्मार्ट लाइसेन्स जाँच्ने उपकरणको अभाव हुँदा समस्या भएको बताइएको छ। मादक पदार्थ सेवन गरेर पाँच पटकसम्म सवारी चालक अनुमति पत्र प्वाल गरिए उक्त लाइसेन्स स्वतः खारेज हुने व्यवस्था भएकोमा मापसे गरेर सवारी सञ्चालन गर्ने स्मार्ट लाइसेन्स भएका चालकलाई भने कारवाहीको दायरामा ल्याउन समस्या भएको यातायात व्यवस्था कार्यालय झापाका प्रमुख पौडेलको भनाइ छ।

पूर्बका चार जिल्लामा एक लाख ४० हजार ७ सय ७७ वटा सवारी दर्ता छन्। जसमध्ये सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी रहेको कार्यालय प्रमुख पौडेलले बताए। उनका अनुसार दुई पाङ्ग्रे सवारी मोटरसाइकल र स्कुटरको संख्या एक लाख १३ हजार छ।

यातायात व्यवस्था कार्यालय झापाले गत आर्थिक वर्ष २०७६/०७७मा ५२ करोड ८५ लाख ८१ हजार ५ सय ९४ रुपैयाँ ९०

(बाँकी अन्तिम पृष्ठमा)

## साउनमा ६३ अर्ब राजश्व संकलन, दुई अर्ब खर्च

**काठमाडौं, भदौ ४।** चालू आर्थिक वर्षको पहिलो महिना साउनमा ६३ अर्ब रुपैयाँ बराबर राजश्व संकलन भएको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार चालू आर्थिक वर्ष शुरु भए यता बिहीबारसम्म ६३ अर्ब ३६ करोड ४३ लाख बराबर राजश्व संकलन भएको हो।

यस्तै, यस अवधिमा खर्च भने दुई अर्ब ३४ करोड ८३ लाख रुपैयाँ मात्र भएको छ। सरकारले चालू आर्थिक वर्षमा १० खर्ब ११ अर्ब राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा बिहीबारसम्म कूल लक्ष्यको ६.२६ प्रतिशत राजश्व संकलन भएको हो।

अघिल्लो वर्षको यसै अवधिमा ७१ अर्ब ३० करोड राजश्व संकलन भएको थियो। अघिल्लो आर्थिक वर्षमा ११ खर्ब १२ अर्ब राजश्व संकलन गर्ने सरकारी लक्ष्य थियो। यस्तै, अघिल्लो वर्षको यसै अवधिमा छ अर्ब ५५ करोड खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ।

कार्यालयको तथ्यांक अनुसार यस अवधिमा एक अर्ब ८९ करोड ८० लाख रकम चालू खर्च भएको छ भने पुँजीगत खर्च जम्मा १३ करोड ३३ लाख भएको

(बाँकी अन्तिम पृष्ठमा)

## ४० हजार पशुलाई 'लम्पी स्किन डिजिज'

**रेजिना गौतम**

**झापा, भदौ ४।** 'यो वर्ष मानिस, पशुपन्छी र कृषिमा नयाँ रोग देखियो'- जिल्ला पशु सेवा कार्यालयका प्रमुख डा. गंगाराम यादवले भने-'मानिसमा कोरोना, पशुपन्छीमा लम्पी स्किन डिजिज र कृषिमा सलह देखियो, यी तीनै रोगको उपचार पत्ता लागेको छैन।'

झापाका १५ वटै स्थानीय तहका पशुमा देखिएको अनौठो रोगका बारे सोधिएको जिज्ञासाका क्रममा डा. यादवले यस्तो प्रतिक्रिया दिएका हुन्। यसैवर्षदेखि झापाका पशु (खासगरी गाई) मा देखिएको अनौठो रोगका कारण पशुपालक कृषकहरु चिन्तित छन्। गोठमा पालेका गाईमा अचानक फोका देखिने, उक्त फोका बढ्दै जाने र फुट्ने घाउ हुने र जोर्नी तथा जीउ सुन्निने गरे पनि उक्त रोग के हो भन्ने किसानले भेउ पाउन सकेका छैनन्।

कोरोनाको औषधि पत्ता नलागेजस्तै लम्पीको पनि औषधि पत्ता लागेको छैन। त्यसैगरी कृषिमा देखिएको सलहको पनि औषधि पाइँदैन। तर, यी तीनै रोग संक्रामक देखिएका छन्।

पहिला गाईलाई ज्वरो आउने, ज्वरोसँगसँगै खुट्टाका जोर्नीमा गाँठागुठी देखिने, विस्तारै सुन्निने र गाँठा फुटेपछि जीउनै सुन्निने अनौठो रोगको समस्या देखिन थालेको अर्जुनधारा-९का डिल्लीराम दाहालले बताए।



पशुले ज्वरो आएपछि खान मन नगर्ने र क्रमशः शिथिल बन्दै जाने दाहालले बताए। अधिकांश स्थानीयबासीको गाईमा यो समस्या देखिएको छ। स्थानीयका अनुसार उक्त रोग बढ्दै जाँदा गाईमा ज्वरो आउने, दूध कम आउन थाल्ने जस्ता लक्षणहरु देखिन्छन्। 'यस्ता रोग लागेका पशुको दूध खानु हुन्छ कि हुँदैन भन्ने पनि थाह छैन'- अर्जुनधारा-९ कै रेनु बस्नेतले भनिन्- 'तर दूध र दहीको स्वाद पहिलाको जस्तो छैन।'

गाईवस्तुमा यस्तो अज्ञात रोग देखिन थालेपछि किसान चिन्तित छन्। घरमा पालिएका तथा व्यावसायिक रुपमा सञ्चालन गरिएका गाई फर्ममा समेत यस्तो रोग देखिएपछि किसान र व्यवसायी चिन्तित बनेका हुन्। 'पहिला गाईमा मानिसलाई निस्कने पानी फोका जस्तो फोका देखियो, त्यो फोका २४ घण्टा नबित्तै शरीरभरी फैलियो'- कालिकापीठले सञ्चालन गरेको गौशालाका गौसेवक जयन्त चापागाँईले विरामी गाई देखाउँदै भने- 'त्यसपछि गाईका सबै जोर्नी जोर्नीमा गाँठा देखियो, अहिले गाँठा फुट्न थालेको छ, यो रोगले भेटेपछि गाई एकदमै कमजोर भएका छन्।' गौशालाको ११ भन्दाबढी गाई र गोवंशमा यो समस्या देखिएको उनले बताए।

पशुमा देखा परेको उक्त रोग लम्पी डिजिज नामक एकप्रकारको भाइरल भएको अर्जुनधारा नगरपालिका पशु सेवा इन्चार्ज पदमबहादुर राईले बताए। झापामा पहिलोपटक यो रोग देखिएको उनले जानकारी दिए।

पशुमा अनौठो रोग देखा परेपछि पशुपालक किसान त्रसित भएका बेला राईले भने उक्त रोगकै कारण पशु नमर्ने बताए। उनले भने- 'त्यो मात्रै रोग लागेर मर्ने संभावना एकदमै न्यून हुन्छ, यसको मृत्यु दर १.५ प्रतिशत मात्र हो।' तर, अरु रोग थपियो भने भन्न नसकिने उनको भनाइ छ। अर्जुनधाराका कुनै-कुनै पशुमा ज्वरो समेत देखिएकाले एन्टिबायोटिक समेत प्रयोग गरिएको उनले जानकारी दिए। लम्पी डिजिजको खास औषधि नभएको बताइएको छ।

झापाका १५ वटै स्थानीय तहका पशुमा देखिएको अनौठो रोग 'लम्पी स्किन डिजिज' भएको जिल्लास्थित पशुस्वास्थ्य कार्यालयका प्रमुख डा. गंगाराम यादवले बताए। झण्डै १५ वर्ष अगाडि अफ्रिकन देशका पशुमा देखिएको उक्त रोग भारत हुँदै यो वर्ष पहिलोपटक नेपालमा देखा परेको यादवले जानकारी दिए। यादवका अनुसार भारतबाट पशु वारपार गर्दा नेपाल भित्रिएको हुन सक्ने यादवको अनुमान छ।

गत असारको अन्तिम हप्ताबाट देखा परेको लम्पी स्किन डिजिजबारे कार्यालयले ११ दिनअघि गरेको सर्भेक्षण अनुसार ४० देखि ५० हजारसम्म पशु उक्त रोगको जोखिममा रहेको यादवले जानकारी दिए। उनका अनुसार अहिलेसम्ममा ८ देखि ९ वटा पशुको मृत्यु भएको पाइएको छ। उनका अनुसार व्यवसायिक ठूला पशु फार्म भन्दा साना पशुपालक कृषकका गोठमा उक्त रोग समस्या बन्दै गएको

(बाँकी अन्तिम पृष्ठमा)

**आकर्षक घडेरी बिक्रीमा**




बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी बिक्रीमा छन्। कृपया प्रत्यक्ष उपभोक्ताहरुले मात्र सम्पर्क गर्नुहोला।

**मो. ९८५११४४९४९**

नोटः (✓) यी चिन्ह भएका जग्गाहरु बिक्रीमा छन्।

# विद्यालय भवन हस्तान्तरण

**मेचीनगर, भदौ ४।** मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय सरकार सँधैभरि दत्तचित्तका साथ अघि बढिरहेको बताएका छन् । उनले यस कार्यका लागि नगरपालिका सँधै सकारात्मक सोचका साथ सवैको साथ सहयोगको अपेक्षासहित अघि बढेको समेत प्रष्ट पारे ।

विहीबार झापाको मेचीनगर-१२स्थित शहरेडाँगीमा नवनिर्मित विद्यालय भवन हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिका आसनबाट बोल्दै नगरप्रमुख आचार्यले अब हरेक सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा विकास गर्दै विद्यार्थी र अभिभावकहरुलाई सामुदायिक विद्यालयमा आकर्षित गर्न सक्नुपर्ने बताए । उनले विद्यालय भवन नयाँ आकर्षक तथा निक्कै सजिसजाउ र हेर्दा चिटिक्क भएर मात्र शैक्षिक सुधार नहुने भन्दै विद्यालयको पठनपाठन तथा विद्यार्थीको नतिजामा समेत सुधार गर्न जोड दिए ।

अब विद्यालय शैक्षिक गुणस्तरवृद्धि गर्न अघि बढ्नुपर्ने र यसका लागि स्थानीय सरकार सँधैभरी बिद्यालयको साथ सहयोगमा रहने नगरप्रमुख आचार्यले प्रतिबद्धता व्यक्त गरे । अब हरेक विद्यालय प्रविधिमैत्री बन्नुपर्नेमा जोड दिँदै नगर प्रमुख आचार्यले हरेक अभिभावक र बिद्यार्थीले निजी र सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन गर्न आवश्यक रहेको औंल्याए ।

गोर्खा वेल्फेयर ट्रष्ट नेपालको आर्थिक, प्राविधिक तथा विद्यालय समुदायको सहभागितामा निर्माण भएको भवनको संरक्षण तथा संरचनाको रेखदेखमा विद्यालय परिवार सचेत हुनुपर्नेमा जोड दिँदै नगरप्रमुख आचार्यले अहिले दाताले हस्तान्तरण गरेका यी संरचना कुनै पनि कारण वा अभावले अलपत्र, वेवारिसे भए दाताको लगानी वालुवामा पानी सरह हुने भएकाले त्यसतर्फ सवैले ध्यान दिनुपर्ने बताए ।

कार्यक्रमका विशिष्ट अतिथि नगर उपप्रमुख मीना पोखरेल उप्रेतीले नगरका अन्य वडामा रहेका सामुदायिक बिद्यालयले समेत यस्ता योजना हात पार्न सफल हुनुपर्ने बताइन् । उनले यो विद्यालयलाई



हरेक कुराले नमूनाका रुपमा विकास गर्न र आफ्ना वडाका विद्यार्थी तथा अभिभावकहरुलाई सामुदायिक विद्यालयप्रतिको विश्वास बढाउन विद्यालयले भूमिका खेल्नुपर्नेमा जोड दिइन् । आफ्नो नगरभित्र यस्ता संरचना निर्माण गरी नगरको शैक्षिक विकासका लागि गोर्खा वेल्फेयर ट्रष्ट नेपालले खेलेको भूमिकाको प्रशंसा गर्दै नगर उपप्रमुख उप्रेतीले नगरवासीकैतर्फबाट गोर्खा वेल्फेयर ट्रष्ट नेपाललाई धन्यवाद ज्ञापन गरिन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रकाश सापकोटाको सभापतित्वमा भएको हस्तान्तरण कार्यक्रममा गोर्खा वेल्फेयर ट्रष्ट नेपाल एरिया वेल्फेयर सेन्टर दमकका सिनियर एरिया वेल्फेयर अफिसर पुनेन्द्रप्रसाद लिम्बूले वेल्फेयरले आगामी दिनमा विद्यालयलाई प्रदान गर्ने भावी कार्यक्रमका वारेमा जानकारी गराउँदै प्रमुख अतिथि नगरप्रमुख आचार्य, उपप्रमुख उप्रेती तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सापकोटालाई भवनको चावी तथा योजना पुस्तिका हस्तान्तरण गरेका थिए ।

गोर्खा वेल्फेयर ट्रष्ट नेपालका योजना प्रतिनिधि मोहन शर्माले योजना प्रतिवेदन प्रस्तुत गरेका थिए । गोर्खा वेल्फेयर ट्रष्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा विद्यालय समुदायको सहभागितामा झापाको मेचीनगर-१२स्थित शहरेडाँगीमा रहेको सरस्वती माध्यमिक विद्यालयको नयाँ भवनको निर्माण कार्य सम्झौता २०७६ साल मंसीर ५ गतेदेखि शुरु भएर २०७७ साल साउन ३२मा सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ ।

गोर्खा वेल्फेयर ट्रष्ट नेपालकोतर्फबाट २ करोड १७ लाख ३ हजार ३ सय ३७ रुपैयाँ तथा समुदायको जनसहभागिताबाट संकलन भएको २६ लाख ६७ हजार २ सय रुपैयाँ गरी कूल २ करोड ४३ लाख ७० हजार ५ सय ३७ रुपैयाँ नवनिर्मित भवनको लागत रहेको शर्माले बताए । जनसहभागिताबाट संकलन भएको २६ लाख ६७ हजार २ सय रुपैयाँमध्ये मेचीनगर नगरपालिकाले २० लाख रुपैयाँ प्रदान गरेको थियो ।

भवन १०३ फिट ८ इञ्च लम्बाइ, २३ फिट १ इञ्च चौडाइ तथा २३ फिट ३ इञ्च उचाइका इँटा सिमेन्टको गारोले बनेको, फलामको ट्रसमा रंगीन जस्तापाताको छानो, जिप्सनको फल्स सिलिङ, काठको ढोका, फलामे झ्याल जडित १६ कोठे २ तले निर्माण भएको छ । गोर्खा वेल्फेयर ट्रष्ट नेपालले फोहोर जलाउने इन्सिनिरेटर, ६ कोठे शौचालय भवनसहित फोहोर फोहोर जलाउने इन्सिनिरेटर, २ वटा २ कोठे बिद्यालय भवन तथा चमेना गृह मर्मत, २ कोठे बालबिकास भवनको छानो तथा पेटी मर्मत, खानेपानी मोटर घर निर्माणसहित इटा र सिमेन्टको गारोले बनेको कम्पाउण्ड बाल, काँडेतारसहित १ सय ६५ मिटरसमेत बिद्यालय परिसरमा निर्माण गरेको योजना प्रतिनिधि शर्माले प्रस्तुत गरेको योजना प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा परियोजना निवेदक तथा आयोजना ल्याउन सफल भूमिका निर्वाह गर्ने शिक्षासेवी भक्त खेवाङ तथा योजना प्रतिनिधि मोहन शर्मालाई कदर पत्र प्रदान गरियो । प्रमुख अतिथि नगरप्रमुख आचार्य, विशिष्ट अतिथि नगर उपप्रमुख उप्रेती, गोर्खा वेल्फेयर ट्रष्ट नेपाल एरिया वेल्फेयर सेन्टर दमकका सिनियर एरिया वेल्फेयर अफिसर लिम्बूलगायतले कदर पत्र प्रदान गरेका थिए ।

यसैगरी, गोर्खा वेल्फेयर ट्रष्ट नेपाल र एडब्लुसी दमकलाई सम्मान पत्र प्रदान गरिएको थियो । शिक्षासेवी खेवाङलगायतले बोलेको कार्यक्रम विद्यालयका सहायक प्रधानध्यापक युवराज काफ्लेले सञ्चालन गरेका थिए । कार्यक्रममा प्रधानध्यापक शुक्रराज घिमिरेले स्वागतसहित विद्यालयको शैक्षिक तथा विविध गतिविधिका बारेमा प्रकाश पारे ।

# फ्रन्टलाइनमा काम गर्नेलाई इनरह्वीलको सम्मान

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, भदौ ४।** नेपाली हिन्दू महिलाहरुको महान चाड हरितालिका तीज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाउने गरिन्छ । द्वितीयाको दिन राति दर खाने, तृतीयाको दिन भगवान शिवको व्रत बसेर पञ्चमीको दिन सप्तऋषिको पूजा गरी तीज पर्व मनाइन्छ ।

विवाहित महिलाले पतिको दीर्घायू र अविवाहित महिलाले सुयोग्य वरको कामना गर्दै तीजको ब्रत बस्ने गर्दछन् । माइतीले चेलबेटीलाई बोलाई दर खुवाउने परम्परा भए पनि यसवर्ष विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणका कारण सरकारले लकडाउन गरेपछि धेरै महिला कर्मघरमै दर खाएर तीज मनाउँदैछन् ।

विशेषगरी माइती एवम् दाजुभाइले छोरी, चेली एवम् दिदीबहिनीलाई बोलाई दर खुवाउने गर्छन् । कोरोना कहरले आफ्नो माइती घर जान नपाएपछि इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनका महिला पदाधिकारीले कोरोना संक्रमणको जोखिम बढ्दै गएको समयमा फ्रन्टलाइनमा रहेर काम गर्ने विभिन्न क्षेत्रका छ जना महिलालाई श्रृंगारका सामग्री प्रदान गरेर सम्मान गरी दर खुवाएर तीज मनाएका छन् ।

कोरोना महामारीको समयमा पनि परिवार पाल्नका लागि दिनरात नभनी फ्रन्टलाइनमा रहेर काम गर्ने नर्स, क्लिनर, घरेलु कामदार, व्यापारी महिलालाई सम्मान गरेको इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशलले बताइन् ।

पछिल्ला वर्षमा तीजका नाममा एक महिनाअघिदेखि दर खाने, गरगहना एवम् पोशाक प्रदर्शन गर्ने जस्ता गतिविधिले तीजको संस्कृतिलाई




विकृतिका रुपमा लैजान खोजेकाले तीजलाई उच्छृंखलता र तडकभडकरहीत तरिकाले मनाउनु पर्छ भन्ने सन्देश दिने उद्देश्यले कोरोना संक्रमणको जोखिम बढ्दै गएको समयमा फ्रन्टलाइनमा रहेर काम गर्नेलाई प्रोत्साहन गर्न श्रृंगारका सामग्री प्रदान गरेर सम्मान गरी दर खुवाएर तीज मनाएको उनले वताइन् ।

कुनैपनि काम सानो नहुने र कामलाई सवैले पूजा गर्नुपर्छ भन्ने सन्देश दिनपनि उनीहरुलाई सम्मान गरेको प्रेसिडेन्ट वंशलले बताइन् । तीज पर्वलाई तडकभडकरहीत तरिकाले मनाउन र कोरोना महामारीको समयमा घरमै रहेर रमाइलो गरी तीज मनाउन उनले सवैसँग आग्रह गरिन् ।

बिर्तामोड-१मा रहेको नर्वदेश्वर शिवालय मन्दिरमा इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट वंशल, आइएसओ मोनिका अग्रवाल, वोर्ड मेम्वर रुची शिवाकोटी, कमला पौडेल, रेखा अग्रवाल र रेनु गोयलले सिनियर एएनएम टंकमाया संग्रौला, सेक्युरिटी गार्ड सुनिता अधिकारी, तरकारी व्यापारी फूलकुमारी राजवंशी, फलफूल व्यापारी थोपु चौधरी, क्लिनर तारा राजवंशी र घरेलु कामदार ममता साहलाई साडी, चुरा, पोते प्रदान गरी सामुहिक दर खुवाएका थिए । त्यस्तै कोरोना भाइरस संक्रमणको जोखिमबाट बच्न उनीहरुलाई मास्कसमेत वितरण गरिएको थियो ।


## कर्मचारी आवश्यकता

- सेल्समेन : १० जना ( ५ पुरुष,५ महिला) एक वर्ष अनुभव भएको योग्यता :- SEE/SLC पास भएको
- कार्यालय सहयोगी : १ जना ,महिला योग्यता : सामान्य लेखपढ
- रिसेप्सनिष्ट : २ जना (महिला)
- डिस्वासर : ३ जना
- CCTV सेक्युरिटी अपरेटर : १ जना
- क्लिनर(Cleaner) :- ४ जना (महिला)
- वेटर(waiter):- ५ जना (३ महिला, २ पुरुष । एक वर्ष अनुभव भएको
- शेफ ( Cookman) :- २ जना (अनुभव भएको)

तलव कम्पनीको नियम अनुसार

विराट गोरखा सेक्युरिटी एण्ड सप्लायर्स प्रा.ली.
बिर्तामोड-५,बुधियोक रोड
सम्पर्क नं. ( ९८५२६८०१२३,९८०७८९१४१२३, ०२३[illegible]


## डुबेर ...

राति नै जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएका थिए । खोजतलास गर्दा पनि बालक नभेटेपछि जिल्ला प्रहरी कार्यालयमा रहेको विपत व्यवस्थापन तथा उद्धार टोलीलाई एकाविहानै इलाका प्रहरी कार्यालय कुमरखोद पठाइएको थियो । उद्धार टोलीले सानो माईखोलामा डुवेर खोजतलास गर्दै जाँदा ७:३० वजे १२:१३ फिट गहिरो पानी मुनि खोलाको किनारमा घोप्टिएको अवस्थामा बालकको शव फेला परेको थियो ।

## ४0 हजार ...

छ ।

लामखुट्टे, झिंगा र डाँठले एकबाट अर्को पशुमा सार्न सक्ने एकप्रकारको भाइरल रोग लागेका पशुलाई अन्य पशुबाट अलग राख्ने, गोठ सरसफाईमा ध्यान दिनुका साथै स्प्रे गर्ने जस्ता सावधानी अपनाउन सके रोग कम भएर जाने उनको सुझाव छ । यादवले भने- 'लम्पी स्किन डिजिज भएका पशुबाट उत्पादनमा भने ७० देखि ८० प्रतिशतसम्म कमी आउन सक्छ, तर दूध मज्जाले उमालेर खाएमा मानिसलाई केही पनि हुँदैन ।'

यसको ठ्याक्कै औषधि नभएका कारण सरसरफाईमा ध्यान दिनुका साथै ज्वरो आएको भए त्यो कमी गर्न एन्टिवायोटिक र घाउ फुटेमा घाउमा लगाउने एकप्रकारको पोटासियम पर म्याग्नेट) नाम पाउडर पशु चिकित्सक तथा पशु प्राविधिकहरुको सल्लाहमा प्रयोग गर्न सकिन्छ ।

## ट्राभल ...

गौरीगञ्ज क्षेत्रमा त्रास बढेको छ ।

संक्रमित व्यक्ति स्थानीय व्यापारी रहेको बुझिएको छ । साउन ३२ गते आइतवार उद्योग वाणिज्य संघ गौरीगञ्जले स्थानीय व्यापारी र ईच्छुक सर्वसाधारणको स्वाव संकलन गरी विराटनगरस्थित कोशी कोरोना अस्पतालमा पठाएको थियो ।

उनको सम्पर्कमा आएकाहरूको कन्ट्रयाक ट्रेसिङ गर्ने, गौरीगञ्जको बजार क्षेत्र सिल गर्ने र गौरीगञ्ज क्षेत्र आवतजावतमा निषेध गरिने विषयमा गाउँपालिकाको बैठकले निर्णय गर्ने बताइएको छ ।

## साउनमा ...

छ । वित्तीय व्यवस्थातर्फ भने ११ करोड ७५ लाख रकम खर्च भएको छ । 'लकडाउन' केही खुकुलो भएपछि आर्थिक वर्ष शुरु भए यता राजश्व संकलनमा सुधार आएको बताइएको छ ।

## झापामा ...

पैसा राजश्व संकलन गर्न सफल भएको पौडेलले जानकारी दिए ।

कोरोना भाइरसका कारण जोखिम बढे पनि यातायात कार्यालयले आवश्यक सुरक्षा मापदण्ड अपनाएर सेवा प्रवाह गरिरहेको कार्यालय प्रमुख पौडेलको भनाइ छ ।


## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक कम्पनीलाई निम्नानुसार कर्मचारी आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
पदः **एकाउन्टेन्ट** : १ जना (पुरुष)
**योग्यताः** १०+२, टेली जानेको र विक्री वितरणमा ज्ञान भएको
**काम गर्ने समयः** विहान ७:४५ देखि साँझ ६:१५ बजेसम्म
सम्पर्कः pab540048@yahoo.com (९८५२६८०५८१)

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५९०४६६/९८०६०००३१३/९८४२७१६५८८

## कर्मचारी आवश्यकता

**लेखापाल-१ जना**
(अनुभवीलाई प्राथमिकता)
**मेची कन्स्ट्रक्सन प्रा.लि.**
९८५२६७४३५०, ९८५२६७३९०५, ९८०१०२५६२१

## घर बिक्रीमा

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।
**सम्पर्कः** ९८१००९१६८०, ९८१६९५३९११

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
**मो.९८१५९५२४९९**
**९८४१३२१४६४**

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



**सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रवीन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, नि:सन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रवीन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*
- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



**सम्पर्कः भूपाल कार्की**
**९८०१४०४०००**
**९८१६६४१५७३**
**अर्जुनधारा-५, विहीवरे बजार लक्ष्मीपुर**

## बिमालेख हरायो

सुरुङ्गाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०१/२५ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- बिनोद कार्की
**ठेगाना**:- कनकाई नपा-३
**पोलेसी नं.**:- २०२०४४११२
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८०६०२५८२१

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ का म्याप्स आवास कम्पनी प्रा.लि. कि.नं. ४९५६ को ज.वि. ०-०-८.२५ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सजमीन गर्न जाँदा तपाई निम्नानुसारको सँधियार अनुपस्थित भएकोले निवेदकको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ/हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री दिलकुमार नेपाली | २०७७।०५।०२ | २०७६।०८।२७ | |
| पश्चिम | श्री डम्बरबहादुर भुजेल | | | |
| उत्तर | श्री बलराम न्यौपाने | | | |
| दक्षिण | बाटो | | | |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## तीज संस्कृति अक्षुण्ण रहोस्

नेपाली नारीहरुले आज तीजको ब्रत बसेका छन् । देवी पार्वतीले शिवजीलाई वर पाउँ भन्ने मनोकामना राखेर व्रत बसेको दिनका रुपमा आजको दिनलाई तीज भनिएको जनविश्वास छ । यही विश्वासमा प्रारम्भ भएको तीजको प्रचलनमा विवाहपश्चात पति, परिवार र सन्तानको रक्षाको कामना गरी व्रत बस्ने चलन छ । व्रतको अघिल्लो दिन राति मीठो मसिनो खाने चलन छ जसलाई दर खानु भनिन्छ । विवाहित नारीहरु चाड मनाउन माइतीघर गएका हुन्छन् र आमासँग बसेर आफ्ना भोगाइहरु साझा गर्दै पाकेको विशेष परिकार खाने परम्परा आज पनि कायम छ । तर, आज उहिलेको जस्तो निराहार र निर्जला व्रत बस्ने चलन छैन र महिना दिनभरि नै घुमेर दर खाने, समूहमा नाचगानसहित मनोरञ्जन गर्ने नयाँ प्रचलन शुरु भएको छ । यसले सांस्कृतिक परम्परामा विचलन ल्याउने टिप्पणी समेत हुन थालेको छ ।

तीजको व्रत बसेर शिव मन्दिर र शिवालयहरुमा गएर भगवानको दर्शनसहित विशेष पूजा गरिन्छ । त्यसैले भगवान पशुपतिनाथ मन्दिर लगायत देशभरका शिवालयहरुमा व्रतालुहरुको घुइँचो रहन्छ । रातो रंगमा सजिएका किशोरी, युवती लगायत विवाहित नारीहरु तीजका गीतमा नाचगान गरेर वर्षभरि भोगेका नरमाइला क्षणहरु बिर्सिने गर्दछन् । लोकभाकाका गीतहरुमा मौलिक संस्कृतिको प्रदर्शन गरिने यो परम्परामा द्विअर्थी र अश्लील शब्द र भाकाको प्रयोग हुन थालेको अवस्थाले भने सनातनी मान्यतालाई कमजोर पार्न थालेको हो कि जस्तो आभाष हुन थालेको छ ।

नारी सृष्टिको सुन्दर उपहार हो । शक्तिका केन्द्र हुन् र सृष्टिका कारक पनि । त्यसैले नारी जातिको यो विशेष पर्वलाई पुरुषहरुले पनि सम्मान गरेका छन् । चेली–माइतीको विशेष सम्बन्ध रहेको यो पर्वले एकापसमा प्रेम, सद्भाव, स्नेह बढाओस् । आमा–बाबुको चिर अनुपस्थितिमा पनि माइती जान सकिने हार्दिकता नमरोस् । टाडा–टाडा भएका माइती, माइती गाउँका साथीहरु आफन्त र प्रियजनसँगको भेटघाट, नाचगान र अनुभव र अनुभूतिहरु साटासाट गर्न पाउने यो चलन जीवन्त होस्, संस्कृति अमर रहोस् । वर्षा सकिए पछि आउने यो पर्वले सामाजिक, पारिवारिक र चेली–माइतीको सम्बन्ध र सद्भाव अक्षुण्ण राखोस् । यो वर्ष परिस्थिति फरक छ । कोरोना महासंकटले सर्वत्र अनिश्चय र त्रास सृजना गरेको छ । कतै बन्दाबन्दी, कतै सिल त कतै निषेधाज्ञा नै जारी भएको छ । जसका कारण विगतको जस्तै निर्वाध गतिविधि गर्ने, सांस्कृतिक परम्परा धान्ने अवस्था छैन । तर, पनि सकारात्मक बनेर संकटसँगै परिस्थितिको सामना गरौं । सबै चेलीहरुको मनोकांक्षा पूरा होस्, संस्कृति नमरोस्, सबै चेलीहरुको जय होस् ।

# स्वतन्त्र न्यायालय : आदर्श समाजको आधार



लोकनाथ संग्रौला



अदालत त्यस्तो ठाउँ हो जहाँ मानिसले संसारमा सबैभन्दा सुरक्षित ठाउँमा भएको महशुस गरेको हुन्छ। अदालत आदर्श र मूल्यमा बाँचेको हुन्छ। यो सँग न सेना हुन्छ, न पुलिस न त हातहतियार नै हुन्छन्। न्यायपालिका जनताको आस्थाको अन्तिम धरोहर हो, आत्मा हो। न्याय नभए जीउ, ज्यान, स्वतन्त्रता खतरामा पर्छ। न्याय मर्दा सत्य, विवेक, मानवीयता सबै मर्दछन्।

२०२७ सालमा तत्कालीन प्रधानान्यायाधीश रत्नबहादुर बिष्टको अध्यक्षतामा उच्चस्तरीय न्यायिक सुधार आयोग गठन भएयता सरकार, सर्वोच्च र नेपालबारएसोशिएसनबाट बेला-बेलामा अनेकौं आयोग, समितिहरू गठन भएको सबैलाई थाहा भएकै कुरा हो। जब-जब न्यायपालिकाभित्र विकृति, विसङ्गतिका कुरा उठ्छन् तब-तब यस्ता आयोग र समितिहरू बनाउने गरिन्छ। उपलब्धि भने खास देखिएको छैन। अहिले त्यस्तै अर्को एउटा समिति बनेको सबैलाई थाहै छ।

जुद्धशमशेरले १९९७ असार १२ गते दुईवटा अलग-अलग सनद (राजकीय घोषणासहितको दस्तावेज) मार्फत् न्यायपालिका र कार्यपालिकालाई विभाजन गरी स्वतन्त्र न्यायपालिकाको जग बसाले। तर, २०७१ साल, २०७३ साल, २०७४ साल र २०७५ सालमा एकपछि अर्को भएका नियुक्ति लगायतका कुराहरूले कार्यपालिका र न्यायपालिकाबीचको विभाजन रेखा मधुरो (blurred) हुँदै गएको त होइन ? भनी प्रशस्त शङ्का उब्जाएको छ। हुन त यो प्रवृत्ति प्रजातन्त्रको पुनःस्थापनापछिको पहिलो आमचुनाव मार्फत सरकार बनेपछि २०४८ सालदेखि नै शुरु भइसकेको थियो। यतिबेला न्यायपालिका राजनीतिको पासोमा झन्-झन् जकडिँदै गएको आभाष हुन थालेको छ। न्यायपालिकाको रक्षक तपाईं हामी हौं।

राजनीतिक दल न्यायालयको गरिमाको रक्षक हुन सक्दैनन् भन्ने कुरा घटनाक्रमले पुष्टि गर्दै लगेका छन्। उनीहरू त आगामी १०-१५ वर्षसम्म कुन दलका को-को प्रधानान्यायाधीश, न्यायाधीश हुने भन्ने योजनाबद्ध गठजोड अर्थात् सेटिङ्मा लागेका देखिन्छन्। मोहम्मद अली जिन्हाले छुट्टै राष्ट्र पाकिस्तानको माग गर्ने क्रममा भनेका थिए- 'भारतलाई विभाजन गर होइन भने हामी यसलाई ध्वस्त पारी दिन्छौं।' (We shall have India divided or we shall have India destroyed) कतै हाम्रा राजनीतिकदलहरू त्यसैका पथगामी भएका त होइनन् ? प्रश्न गम्भीर रूपमा उठेको छ। कार्य सम्पादनमै न्यायिक टिप्पणी उठी न्याय परिषद्मा कारवाहीका लागि सिफारिस भएका तथा 'कामरेड न्यायाधीशहरू'को कार्यक्षमता देखिन थालेको छ।

आगामीदिनहरूमा अझ देखिँदै जाने पक्का छ। देशमा उदाएको नवधनाढ्य वर्ग, नयाँ आर्थिक सम्बन्धहरूको सिर्जना र राजनीतिक दलको त्रिकोणात्मक षडयन्त्रको शिकार बन्दै गएको छ न्यायपालिका। न्यायालयको स्वतन्त्रताको प्रश्न नागरिक स्वतन्त्रतासँग यति प्रगाढ रुपमा गाँसिएको छ कि स्वतन्त्र न्यायालयको अभावमा लोकतन्त्र, कानूनी शासन, संविधानको सर्वोच्चता फगत दिवास्वप्न मात्र हुन जान्छ।

भारतका वर्तमान प्रधानान्यायाधीश अरबिन्दबोब्डे एक बीजेपी नेताको स्वामित्वमा रहेको ५० लाख रुपैयाँ पर्ने हार्ले डेभिडसन मोटरसाइकलमा बिना मास्क र हेल्मेट हुँइकिएकोमा त्यहाँ तरङ्ग सिर्जना भएको छ। यो एउटा उदाहरण मात्र हो। न्यायालयलाई थप क्षति हुनबाट बचाउन संसारका सबै मुलुकमा गम्भीरता पाइन्छ। न्याय मरे न्यायपालिकाको आत्मा मर्छ। न्यायालय शुद्धीकरणको प्रशंसनीय शुरुवात भएको छ। त्यसैले, हालै थालिएको न्यायालय शुद्धीकरण सो अभियानलाई सबै तर्फबाट सकेको सहयोग गर्न आवश्यक छ। कुनै पनि राम्रो काम गर्न ढिलो कहिल्यै हुँदैन। हुन त नेपालमा बन्ने अधिकांश आयोग र छानविन समितिहरू तत्कालको आक्रोश मत्थर पार्न वा गम्भीर विषयवस्तुलाई अर्कै दिशातर्फ मोड्न वा केही गरे जस्तो देखाउने बन्छन्, न तिनका सिफारिस लागू हुन्छन्, न त तिनलाई गम्भीरतापूर्वक नै लिइन्छ।

तीतो नै भए पनि के भन्न सकिन्छ भने न्याय नरहे न्यायाधीश र भ्रष्ट नेताहरूलाई त केही फरक नपर्ला, तर साधारण जनतालाई त फरक अवश्य पर्छ। अतःगौरवशाली न्यायिक परम्परालाई बचाएर अझ उन्नत, संस्कारी र विश्वासिलो बनाउन आवश्यक छ, किनभने यसो हुन सकेमा मात्र लोकतन्त्र, स्वतन्त्रता र नागरिक अधिकारको रक्षा सम्भव छ।

नजन्मेको सन्तानको कानूनी अधिकार के हुन्छ भन्ने कुराको हामीले छिनोफानो गर्दा विधिशास्त्रका विद्वान साल्मन्ड र डायस जन्मेकै थिएनन्। हाललाई सबैभन्दा बढी चलखेल हुने ठाउँ भनी मानिएका पेशी तोक्ने कार्य र न्यायपरिषद्मा मात्रै भए पनि प्रभावकारी सुधार गर्न सकियो भने त्यसमा टेकेर अगाडि बढ्न सकिन्छ होला। आज हामीलाई 'राजा कुनै व्यक्ति अन्तर्गत रहँदैन, ऊ केबल भगवान र कानून अन्तर्गत रहन्छ'भनी राजा जेम्सलाई शालीनतापूर्वक जवाफ दिने एड्वार्ड कोक जस्ता मूलीको न्यायपालिकामा खाँचो छ। तर कसरी ? चुनौतिपूर्ण छ। यही चुनौतिलाई स्वीकार गर्दै नागरिक स्वतन्त्रताका लागि, न्यायालयको ज्वाज्वल्यमान गरीमा श्रीवृद्धिका लागि आवाज बुलन्द गर्न आवश्यक छ। नेपालको संविधान २०७२ ले दिशानिर्देश गरेको न्यायालयको स्वतन्त्रता र नागरिक स्वतन्त्रताको अक्षुण्णताका लागि न्यायापालिकाको गरिमा कायम राख्न जरुरी छ। मुलुकको स्वतन्त्रता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको रक्षाका लागि सबल, सक्षम, जागरुक र आलोचनात्मक चेतयुक्त नागरिकहरुको निरन्तरको अभियान जरुरी छ, यसका लागि अन्तिम विश्वास र भरोसा न्यायालय माथि रहेको यथार्थलाई मनन गर्दै सत्यको पक्षमा बोल्न जरुरी छ।

*(संग्रौला राष्ट्रिय समाचार समितिका पूर्व कर्मचारी हुन् र हाल अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आबद्ध छन्।)*

# कोरोना र हरितालिका तीज



गीता निरौला भण्डारी

हाम्रो संस्कृति विश्वकै प्राचीन एवम् समृद्ध संस्कृति हो। यसको मुख्य विशेषता नै यो वैदिक सनातन धर्ममा आधारित छ। सृष्टि सँगसँगै सम्पूर्ण मानव कल्याणका लागि इश्वरबाटै प्रतिपादित भएकोले धेरै विद्वानहरूले सनातनधर्मलाई मानवधर्मको रूपमा ब्याख्या गरेका छन्। संस्कृति धर्म कै उपज हुने भएकाले हाम्रो संस्कृति मानवीय मूल्य र मान्यताले भरिपूर्ण छ। संस्कृतिको रूपमा हामीले मनाउँदै आएका चाडपर्वहरूले हामीलाई यस सम्बन्धमा केही न केही सन्देश दिइरहेका हुन्छन् ।

यिनले दिएको सन्देश र यी भित्र लुकेका मर्मलाई बुझेर चाडपर्व मनाउने गर्‍यौं भने मात्र हाम्रो संस्कृतिको संरक्षण हुन्छ, होइन भने यसले विकृति मात्र निम्त्याउँछ। अहिले नेपाली महिलाहरूको महत्वपूर्ण पर्व हरितालिका तीज सँघारमा आइपुगेको छ। हरितालिका तीज प्रेम र समर्पणको पर्व हो। यसले निःस्वार्थ र त्यागमय प्रेमको सन्देश बोकेको छ। सुखी दाम्पत्य जीवन र आफ्ना सन्तानको सुखका लागि पानी पनि नखाई लिइने यो ब्रत प्रति महिलाहरूको बढ्दो आकर्षणले उनीहरू प्रेम र ममताका लागि कति सम्वेदनशील र त्यागमयी हुन्छन् भन्ने कुरा स्पष्ट पारेको छ।

वास्तवमा हामी महिलाहरू जतिसुकै आधुनिक बनौं, जतिसुकै अधिकार सम्पन्न बनौं, चाहे अमेरिका का बासिन्दा होऔं, चाहे सोमालिया, युगान्डा वा नेपालका बासिन्दा होऔं संसारभरिका महिलाहरू भेषभूषा, खानपान, भाषा र रहनसहनले बाहिरी आवरणमा मात्र फरक छौं। भित्र हामी सबै उस्तै छौं। हामीभित्रको संवेदना उस्तै छ। मूलतः हामी प्रेम र ममताद्वारा नै सञ्चालित हुन्छौं र यसका लागि जस्तो त्याग गर्न पनि तत्पर हुन्छौं, जस्तो परिस्थितिको पनि दृढताका साथ सामना गर्न तयार हुन्छौं ।

हरितालिका तीजको कथा भगवती पार्वतीसँग जोडिएको छ। पार्वतीको विवाह उनका पिता हिमालयले वैकुण्ठाधिपति भगवान् विष्णुसँग गरिदिन लागेका थिए तर पार्वती भने घर न थर भएका, विष भाङ, धतूरो खाने दिगम्वर भोलेनाथसँग प्रेम गर्थिन् र उनैसँग विवाह गर्न चाहन्थिन्। पार्वतीले चुपचाप आँशु बगाएर बाबुको इच्छामा आफ्नो प्रेमलाई तिलाञ्जली दिइनन् उनले विद्रोह गरिन्। आफ्ना साथीहरूको सहयोगमा घरबाट भागेर निर्जन ठाउँमा गई पानी पनि नखाइ ब्रत बसिन्, अनशन वसिन। ( 'हरिता' भनेको हरण गरिएकी र 'आलिका' भनेको साथीहरूबाट। हरितालिका भनेको साथीहरूबाट हरण गरिएकी भन्ने हुन्छ त्यसैले आज पनि यो पर्व साथीहरूसँग मिलेर मनाइन्छ।) आफ्नो अडानमा दृढ भएकै कारणबाट पार्वतीको जीत भयो र भोलेनाथसँग विधिपूर्वक विवाह भयो ।

पार्वतीले सुखी दाम्पत्यजीवन भौतिक सुख-सुविधा र ऐश आराममा होइन पति-पत्नीबीचको सुमधुर प्रेम र समर्पणमा हुन्छ भन्ने कुरा प्रमाणित गरिदिइन्। खुला आकाश, हिउँको चिसो मझेरीमा नै उनले स्वर्गको भन्दा, बैकुण्ठको भन्दा बढी सुख अनुभव गरिन्। उनले प्रेमको डोरीले सिंह र साँढेलाई एउटै खावोमा बाँधिन्। एक अर्काका 'जानी दुश्मन' सर्प, मुसा र मयूरलाई एउटै आँगनमा खेल्न सिकाइन्। महादेवका गण भूत, प्रेत, पिशाचलाई प्रेमले नै वशमा गरेर परिचर (सहयोगी) बनाइन् र त्यो हिउँ नै हिउँले ढाकिएको निर्जन कैलाश पर्वतलाई यति प्रेममय, आनन्दमय 'कैलाश दरबार' बनाइन्, देवताहरू समेत एकक्षणको कैलाश बासका लागि लालायित हुन थाले ।

पार्वतीको दया, प्रेम, करुणा वर्षाले शिव परिवार आदर्श परिवार बन्यो जसलाई विद्वानहरूले शिव संस्कृतिको रूपमा परिभाषित गरेका छन्। सबै देवी-देवतामध्ये शिव पार्वती नै यस्ता दम्पत्ति हुन्। जसले सफल र सुखी दाम्पत्य जीवन पूर्णरूपले भोग गरेको पाइन्छ। त्यसैले आज पनि हामी सुखी दाम्पत्य जीवन र पारिवारिक सुखका लागि शिव पार्वतीको पूजा अर्चना गर्छौं ।

यो त भयो पार्वतीले दिएको प्रेमको शक्तिको सन्देश, उनले हामीलाई क्रोधको शक्तिको पनि सन्देश दिएकी छन्। हामी महिलाहरू यति शान्त र प्रेममयी हुन्छौं, हामीभित्र क्रोध दबिएर शक्तिको रूपमा सञ्चित भएर बसेको हुन्छ। एकपटक जब दानवहरूको आक्रमणबाट देवत्व खतरामा पर्‍यो, सम्पूर्ण देवताहरू पार्वतीको शरणमा आए र आफूभित्रको शक्तिद्वारा देवत्वको रक्षा गरिदिनको लागि प्रार्थना गरे। पार्वतीले पनि आफूभित्र सञ्चित रहेको शक्तिलाई आफ्नो व्यक्तिगत स्वार्थका लागि हैन परोपकार एवम् लोककल्याणका लागि प्रयोग गरिन् र अशुरी शक्तिको विनाश गरी देवत्वको रक्षा गरिन्। यसरी देवी पार्वती प्रेम र क्रोधको सही उपयोगका कारण पूज्य र स्तुत्य बनिन्।

हरितालिका तीज नेपाल आमाकी पुत्री हाम्री दिदी भगवती पार्वतीसँग जोडिएकोले यो हाम्रो मौलिक पर्व हो। दिदीले तीज मार्फत् दिएको यो प्रेम र सद्भावको सन्देशलाई हामीले जीवन्त राख्नुपर्छ। तीजले श्रीमान्-श्रीमतीबीचको सम्बन्धलाई सुमधुर बनाउँछ। साथीसंगी, छिमेकीसँगको प्रेमलाई गाढा बनाउँछ। माइती र चेलीबीचको मनोमालिन्य हटाइदिन्छ। यिनै सब कारणले गर्दा पनि तीज हिजोभन्दा आज अझ बढी लोकप्रिय हुँदै गइरहेको छ। यो पर्व पति-पत्नीबीचको प्रेमको प्रतिक भएकोले यसमा माहिलाले सोह्र श्रृंगार गरेर आफूलाई सजाउनुलाई अचम्मले हेरिनु हुँदैन। तर, श्रृंगारको नाममा अनावश्यक गहना प्रदर्शन र प्रतिस्पर्धालाई भने बढवा दिनु हुँदैन।

तीजको मूल मर्मलाई बुझेर यसलाई सभ्य र शालिनता पूर्वक श्रद्धा भक्तिका साथ मनाउने हो भने यसले अवश्य पनि समाजलाई सही बाटोमा डोर्‍याउने छ। यो वर्ष विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणले देशलाई नै त्राहीमाम वनाएको छ। कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले लकडाउन जारी गरेपनि त्यसलाई केही फुकुलो बनाए पनि संक्रमण बढेकोबढ्यै छ। कोरोनाको संक्रमणबाट बच्न सामाजिक दुरी कायम गरी साबुनपानीले हात धुने, स्यानीटाइजरको प्रयोग गर्ने, अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कने गर्नुपर्छ ।

यस वर्ष तीज पर्वलाई पनि एकआपसमा प्रेम बाँडेर घरमै तीज मनाऔं। तीज पर्व पार्वतीको दृढता, स्वाभिमान, प्रेम, करुणा, विद्रोह, क्रोध र कुशल व्यवस्थापन सम्पूर्ण नेपाली महिलाका लागि महिला सशक्तिकरणको मूल मन्त्र बनोस्। सम्पूर्ण नेपाली आमा, दिदी, बहिनीको दाम्पत्य जीवन सुखमय होस्, परिवारमा सुख शान्ति छाओस्। समाज, राष्ट्र र विश्व प्रेममय होस्, आनन्दमय होस् हार्दिक हार्दिक शुभकामना।



# तीन दशकदेखि शिक्षा क्षेत्रमा क्रियाशील गुरुभक्त



शिक्षा क्षेत्रमा अनवरत सेवा गर्ने मध्येका एक हुन्- गुरुभक्त न्यौपाने। बिर्तामोड नगरपालिका- ४ मा स्थायी बसोबास गर्ने न्यौपाने विगत तीन दशकभन्दा बढी समयदेखि शिक्षा क्षेत्रमा सेवा गरिरहेका छन्।

दुर्गा माध्यमिक विद्यालय गरामनीबाट शिक्षण पेशा शुरु गरेका न्यौपानेले एक दशकभन्दा बढी समय सामुदायिक विद्यालयमा सेवा गरे। २०६५ सालबाट कञ्चनजंघा अंग्रेजी माध्यमिक विद्यालय शुरु गरेका न्यौपाने अहिले पनि सोही विद्यालयका संस्थापक प्रिन्सिपलका रुपमा कार्यरत छन्।

यसअघि उनले विराटज्योति माध्यमिक विद्यालय सञ्चालन गरेका थिए। शिक्षा क्षेत्रका केही अगुवाको सहयोगमा सञ्चालित सो विद्यालयपछि उनले कञ्चनजंघा अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोड- ४ स्थित हर्कलाल मार्गमा सञ्चालनमा ल्याएका हुन्। अहिले सोही विद्यालय कञ्चनजंघा कलेजका रुपमा समेत सञ्चालित छ। त्यस क्षेत्रका अभिभावकको सल्लाहमा सञ्चालनमा ल्याइएको सो विद्यालय बिर्तामोड क्षेत्रकै गहनाका रुपमा हेरिएको छ। शैक्षिक गतिविधि समेत अब्बल भएका कारण विद्यार्थी र अभिभावकको रोजाइमा रहेकाले छोटो समयमै सो शिक्षण संस्थाले उल्लेख्य प्रगति गरेको देख्न सकिन्छ।

झापाको कनकाई नगरपालिकास्थित लक्ष्मीपुरबाट स्थानान्तरण गर्दै २०६५ सालमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययनको अनुमति प्राप्त गरेको सो विद्यालयमा ल्याएको पहिलो वर्ष मै पाँच सय १४ जना विद्यार्थी भर्ना भएका थिए। यहींबाट अहिलेसम्ममा हजारौं विद्यार्थीलाई असल र संस्कारयुक्त शिक्षा प्रदान गरेको संस्थापक प्रिन्सिपल न्यौपानेको भनाइ छ। २०६८ सालसम्म विद्यार्थीको सख्या एक हजार पुगेको र कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीको सख्या ६७ रहेको थियो- न्यौपानेले भने- अभिभावककै माग बमोजिम २०६८ सालबाट कक्षा ११/१२ सञ्चालन गरेको हो। विज्ञान र व्यवस्थापन समूहमा उच्च माध्यमिक शिक्षा परिषद्बाट अनुमति लिएर ११/१२ का कक्षा सञ्चालन गरेको विद्यालयले २०७६/०७७ मा आइपुग्दा १५ सय विद्यार्थी कक्षा नर्सरीदेखि कक्षा १० सम्ममा अध्ययन गरेका छन्। साढे सात सय विद्यार्थीले कक्षा ११/१२ अध्ययन गरेको न्यौपानेको भनाइ छ। बीबीएसका कक्षा समेत सञ्चालन गरेको संस्थाले चार वर्ष बीबीएसको पहिलो ब्याच पूरा गरेको छ। दोस्रो ब्याच पनि चौथो वर्षमा पुगेको छ। यो सँगै कञ्चनजंघामा विद्यार्थीको संख्या बिहानी सत्रमा साढे आठ सय र दिवा सत्रमा एक हजार पाँच सय पुगको छ।

विद्यालयले एक सय ३५ जनालाई रोजगारी समेत दिएको छ। पूर्वमै लोकप्रिय यो विद्यालयले स्थापनाको १२ वर्षे दौरानमा धेरैलाई पछि पार्दै नयाँ उचाइ लिएको चर्चा चौतर्फी हुने गरेको छ। विद्यालयले न्यून शुल्कमा गुणस्तरीय र संस्कारयुक्त शिक्षा प्रदान गरेकै कारण विद्यालयले नयाँ उचाइ पाएको हो। मासिक तीन हजार रुपैयाँभन्दा कम शुल्कमै यो विद्यालयमा विद्यार्थीले कक्षा १० सम्मको अध्ययन गर्न पाउँछन्। यो शुल्क निजी विद्यलयका लागि अत्यन्त थोरै हो- विद्यालयका संस्थापक प्रिन्सिपल न्यौपानेले भने।

समयसापेक्षा दिइने शिक्षाका कारण यो विद्यालयमा दुर्गमका नानीहरु पनि अध्ययन गर्ने गरेको संस्थापक प्रिन्सिपल न्यौपानेको भनाइ छ। विद्यालयमा अध्ययनरत् विद्यार्थीले हरेक वर्ष ल्याउने नतिजाकै कारण विद्यालयको उचाइ यो अवस्थामा पुगेको संस्थापक प्रिन्सिपल न्यौपानेको दाबी छ। विद्यालयमा काम गर्ने शिक्षक समेत मेहनती भएका कारण विद्यार्थीले चाहे अनुरुपको शिक्षा आर्जन गर्न सकेका हुन्। दुर्गा माध्यमिक विद्यालय गरामनीको प्रधानाध्यापकको जिम्मेवारी छाडेर उनले निजी विद्यालयको अवधारणलाई अघि सारेका थिए। न्यौपानेले गुणस्तरीय शिक्षा अबको आवश्यकता भएको महशुस गर्दै छँदाखाँदाको जागिर त्यो पनि प्रधानाध्यापक पद २०५३ सालमै छाडेका थिए। निजी विद्यालय सञ्चालन गरेर विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन जुर्मुराएका न्यौपानेले अन्ततः बिर्तामोडलाई शैक्षिक हब बनाउनका लागि इँटा थप्ने काम गरे।

पाँच जना साथीहरुसँगको साझेदारीमा सञ्चालनमा ल्याइएको विराटज्योति विद्यालयमा आफूले भने जस्तो गुणस्तर अभिवृद्धि गर्न नसकेपछि उनी समूहबाट बाहिरिएका थिए। फलस्वरुप उनले कञ्चनजंघा अग्रेजी विद्यालय जन्माए। जुन विद्यालयमा उनले आफ्नो प्रतिभा र क्षमतालाई प्रस्फुटन गर्दै विगतको अनुभवलाई प्रयोग गरेर नयाँ उचाइमा पुऱ्याउन सफल भए। लामो समयसम्म शिक्षा क्षेत्रमा क्रियाशील न्यौपानेले आफ्नै क्षेत्रका बालबालिकालाई गुणस्तरीय शिक्षा दिन सञ्चालन गरेको कञ्चनजंघा अग्रेजी विद्यालयले अहिले झापामा छुट्टै पहिचान बनाएको छ। विद्यालयको भीडमा अस्वस्थ प्रतिस्पर्धा नगरी स्वस्थ प्रतिस्पर्धाबाटै आफू यो उचाइमा पुगेको र आफूले लिएको लक्ष्यमा शतप्रतिशत सफल भएको न्यौपाने अहिले दाबी गर्छन्।

प्याब्सनका निवर्तमान केन्द्रीय सदस्य समेत रहेका उनी हाल प्याब्सन झापाका सल्लाहकार तथा बिर्तामोड नगर शिक्षा समिति सदस्य समेत छन्। हालै एसईईको नतिजा सार्वजनिक भएको छ। विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनलाई सामाजिक सञ्जालमा भएको टिकाटिप्पणीप्रति उनले दुःख व्यक्त गरेका छन्। गलत मनसायले गरिएको टिप्पणी प्रति मेरो भन्नु केही छैन-उनले भनेका छन्- विद्यार्थीलाई अहिलेको यो समयमा प्रोत्साहन गर्नुपर्ने बेला हो, तर विद्यार्थीलाई निरुत्साहित गर्दा दुःख भने लागेको छ।

कोरोना कहरकै बीचमा कक्षा ११ को भर्ना लिने अवस्था अहिले निजी विद्यालय सञ्चालक नरहेको बताउँदै प्रवेशका नाममा विद्यार्थी भेला गरेर परीक्षा लिने कुरा गर्न नसकिने उनले बताए, यो गर्नु पनि हुँदैन- उनले भने। विद्यार्थी भर्नाको यो समयमा विद्यार्थीले इच्छाएको विद्यालयमा भौतिक दूरी कायम गरेर सामान्य हिसाबले जान सक्ने न्यौपानेको भनाइ छ। कक्षा ११ को नयाँ कोर्ष आएको बताउँदै न्यौपानेले भने- अब कक्षा ११ को पढाइ कुन विधिबाट गर्ने हो सरकारले नभने पनि दूर शिक्षाबाट गर्ने सोचमा हामी निजी विद्यालय सञ्चालक पुगेका छौं कञ्चनजंघाले पनि त्यही गर्छ।

अहिले ११ र १२ मा अध्ययन गर्ने विद्यार्थी मारमा परेका छन् -न्यौपानेले भने- कक्षा ११ को परीक्षा भएको छैन, ११ का विद्यार्थीले कक्षा १२ पढ्नुपर्ने अवस्था छ। शिक्षकले समयमा कोर्ष सकिदिनुपर्ने अवस्था छ। १२ ले पनि आफूले परीक्षा दिइसकेर खुड्किलो चढ्नु छ। उनीहरुले स्नातक तहमा चढ्नुपर्ने बेला हो, तर अहिले सबैभन्दा ठूलो अन्यौल बनाइएको छ। त्यो काम सरकारले गरिरहेको छ -न्यौपानेले भने। अहिले सरकारका विरुद्धमा आफूहरु पनि बोल्न सक्ने अवस्थामा छैनौं -न्यौपाने भन्छन्- अहिलेको यो परिवेशमा हिसान बोल्नुपर्छ। प्याब्सन र एन प्याब्सन पनि बोल्नुपर्छ। ११ र १२ का विद्यार्थीको निकास खोजिनुपर्छ अब। अनि हिसान आफूलाई ११/१२ कै प्रतिनिधित्व गर्ने भन्दै आएको थियो, त्यो संस्था अहिले किन बोलिरहेको छैन -उनले प्रतिप्रश्न गर्दै भने- हिसान विद्यार्थीको पक्षमा बोलोस्। विद्यार्थी संगठन यस विषयमा बोलून्। सरकारले कक्षा ११/१२ को विषयमा सोचेन यस्तो अवस्थामा अब हामी सबैले सोच्नुपर्ने बेला आएको छ -न्यौपानेले भने- अहिले कक्षा ११ र १२ को लागि निकास चाहिएको छ।



## ‘अप्ठ्यारो पर्दा राज्यले हेर्नुपर्छ’

**बिर्तामोड, भदौ ४।** नोवल कोरोना भाइरसको बढ्दो संक्रमणका कारण देशभरका शिक्षण संस्था करिब पाँच महिनादेखि ठप्प छन्।

दिनप्रतिदिन नेपालमा कोरोना भाइरसको संक्रमण बढ्दै गएको अबस्थामा विद्यार्थीको भविष्य अन्यौलमा छ नै शैक्षिक संस्थाको गतिविधि पनि ठप्प छन्। केही विद्यालयले वैकल्पिक शिक्षा (अनलाइन कक्षा) मार्फत विद्यार्थीलाई पठनपाठन गराए पनि त्यो प्रभावकरी हुन सकेको छैन। सबै विद्यार्थी अनलाइनको पहुँचमा नहुने हुँदा वैकल्पिक शिक्षा समेत प्रभावकारी हुन नसकेको सरोकारवालाले बताउँदै आएका छन्। अझ सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी वैकल्पिक शिक्षा लिन नसक्ने अवस्थामा रहेको बिर्तामोड नगर शिक्षा समिति सदस्य गुरुभक्त न्यौपानेले बताए।

निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमध्ये केही विद्यार्थीले चाहेर पनि अनलाइन कक्षाबाट पठनपाठन गर्न सक्दैनन् -न्यौपानेले भने- यस्तो परिस्थितिमा कसरी सामुदायिक विद्यालयका सबै विद्यार्थीले वैकल्पिक शिक्षा पढ्न सक्छन्, यसतर्फ सरकारले सोच्ने बेला आएको छ। शिक्षा क्षेत्रमा राज्यले अबको बाटो के हुनसक्छ भन्ने दूरदृष्टि राख्न नसक्दा नेपालको शैक्षिक क्षेत्र कुहिराको काग झैं रुमलिएको र विद्यार्थीको भविष्य अन्यौलमा परेको न्यौपानेको भनाइ छ। शिक्षामन्त्रीले यो बेला शिक्षा क्षेत्रको विकासका लागि ‘भिजन’ ल्याउन सक्नुपर्ने थियो, त्यो सक्नुभएन जसका कारण शैक्षिक क्षेत्र तहसनहस भएको छ -न्यौपानेले भने।

के सामुदायिक के संस्थागत यो बेला यो र त्यो भन्ने समय होइन -न्यौपाने भन्छन्- अहिले सानो कक्षाका मात्र होइन कक्षा ११, १२ पढ्ने विद्यार्थीको भविष्य पनि अन्धकारमय बनेको छ। कक्षा ११/१२ को परीक्षा नै हुन सकेको छैन। उनीहरुको शैक्षिक गतिविधि अब कसरी अघि बढाउने ?

अहलेको यो विषम परिस्थितिमा राज्यले भने अनुसार वैकल्पिक शिक्षाको अबधारणा लिएर विद्यालय अघि बढ्न खोजिरहेका छन् -न्यौपानेले भने- विद्यार्थी घरमा त्यसै बस्दा मनोबैज्ञानिक असर पर्छ भनेर नै सरकारले यो कार्यक्रम ल्याएको हो, तर सबै विद्यार्थी अनलाइनको पहुँचमा छैनन्।

कतिपय विद्यालयले अनलाइन कक्षा सञ्चालन गरिरहेको र सरकारले पनि शैक्षिक सत्रसँग जोडेका कारण देशभरका विद्यालय अनलाइन कक्षामा जोडिन खोजेको बताए। तर, सबै ठाउँमा इन्टरनेट र बिजुलीको पहुँच सरकारले पुऱ्याउन नसकेको न्यौपानेको भनाइ छ। महामारीको यस्तो अवस्थामा शिक्षण संस्था तहस-नहस भइसकेका छन्। यो अवस्थामा राज्यले सुविधा दिनुपर्छ। अहिलेसम्म त हामी आफैं चलेका थियौं, तर अब राज्यले विद्यालय सञ्चालक र विद्यार्थीको भविष्यप्रति चिन्तित हुँदै अगाडि बढ्नुपर्छ -न्यौपानेले भने।

अहिले पनि कतिपय सामुदायिक विद्यालयमा क्वारेन्टिन छन्। तर, वैकल्पिक विधिबाट विद्यार्थीलाई सिकाउन कुनै समस्या छैन -न्यौपाने भन्छन्- अनलाइन कक्षा सञ्चालन गर्न घर वा कुनै कोठाबाट सकिन्छ। तर, भौतिक उपस्थितिमा विद्यालयमा नै गएर पढाउने कुराको चाहिँ हामी विरोधी हौं। किनभने सामुदायिक विद्यालयमा क्वारेन्टिन भइरहेको अवस्थामा संस्थागत विद्यालयमा पठनपाठन हुनुहुन्न, हामी त्यो मान्दैनौं र राज्यले पनि त्यो मान्नु हुँदैन।

अनलाइन कक्षा सञ्चालन गर्न काठमाडौंको परिवेशमा सम्भव होला, तर मोफसलमा यो निक्कै कठिन छ -न्यौपानेले भने। हाम्रो जस्तो मुलुकमा बाध्यात्मक परिस्थिति सृजना भएका कारण अनलाइन कक्षा सञ्चालन गर्न खोजिएपनि त्यो सबैको पहुँचमा नभएको उनले बताए। आगामी दिनमा पनि यस्ता कठिनाई आउन सक्ने भन्दै उनले अनलाइन कक्षालाई ‘च्यालेन्जिङ’का रुपमा लिएर अब अघि बढ्नुको विकल्प नरहेको बताए। सरकारले शैक्षिक सत्र अनुसार नै विद्यालयको शैक्षिक गतिविधिलाई अघि बढाउने हो भने कोरोनामुक्त जिल्लामा विद्यालय सञ्चालन गर्न दिनुपर्ने प्रावधान ल्याउनुपर्छ - न्यौपाने भन्छन्- सरकारले अब स्थानीय तह, प्रदेश सरकारसँग समन्वय गर्दै जहाँ जोखिम कम छ त्यहाँ अनुकूलता हेरेर विद्यालय सञ्चालन गर्न दिनुपर्छ।

अहिले परिस्थिति अप्ठ्यारो छ -न्यौपानेले भने- अरुबेला हामी सबै आ-आफ्नै पाराले चलेका थियौं, अप्ठ्यारो परेका बेला राज्यले हेर्नुपर्छ। सरकारले अनलाइनबाट पढे पढ्-नपढे नपढ् भन्दै यो बेला पन्छिनु हुँदैन -न्यौपाने भन्छन्- राज्यले विद्यार्थी र विद्यालयलाई चित्त बुझ्दो व्यवहार गर्न सक्नुपर्छ। कतिपय सामुदायिक विद्यालयमा शिक्षकहरु विद्यालय पुग्न सकेका छैनन्, पुगेर पनि के गर्ने भन्ने अन्यौल छ। विद्यालय पुगेर हामीले के गर्ने भन्ने कुराहरु राज्यले देखाउन नसक्दा समस्या छ -न्यौपानेले भने- अहिले शिक्षा क्षेत्रको सबैकुरा अलमलमा छ।

शिक्षा क्षेत्रमा सरकारले निर्णय राम्रो गर्न नसक्दा समस्या भएको भन्दै न्यौपानेले भने- सरकारले शैक्षिक सत्र सार्ने पनि भन्दैन, कोरोनाको कहर अवधिभित्र हामी चुपचाप बस्छौं। अहिले हामी विद्यार्थीलाई सामाजिक मनोपरार्मश दिन्छौं, रेडियो टेलिभिजनबाट अहिलेको सेसन चाहिँ पछिबाट है पनि भन्न नसक्नु, सेसन कोल्याप्स पनि नभन्नुले शिक्षा क्षेत्रमा सबैभन्दा ठूलो संकट आएको छ।

सरकारले यस्तो अवस्थामा कुनै विधि नल्याएको भन्दै न्यौपानेले आपत्ति समेत जनाए। सरकारले हालै शिक्षा क्षेत्रमा कार्यविधि बनाउने कार्यदल गठन मात्रै काम गरेको भन्दै त्यो कार्यदलले पनि अलमलको कार्यदल कतै ल्याउने होइन भन्दै न्यौपानेले सरकारले बनाएको कार्यदल माथि नै शंका ब्यक्त गरे।

बीच समुन्द्रमा जहाज रोकिएको अवस्था जस्तै भएको छ अहिले शिक्षा क्षेत्र -न्यौपानेले भने- चैत ५ गतेबाट हाम्रा शैक्षिक संस्था ठप्प छन्, हामी परीक्षामा थियौं, नानीहरु परीक्षा दिइरहेका थिए, अचानक एसईईको परीक्षा दिने बेलामा भोलिबाट परीक्षा छ भन्दा परीक्षा रोकियो। यो अवस्थाले पनि समुन्द्रका बीचमा पुगेको जहाज जस्तै भएको छ शिक्षा क्षेत्र।

निजी विद्यालयलाई हेर्ने हो भने यो समयमा अभिभावकले शुल्क बुझाउने समय हो -उनले भने- अभिभावकले यो अवस्थामा शुल्क बझाउन पाउनु भएन। यस्तो अवस्थामा विद्यालय मात्रै मारमा परेन, त्यहाँ कार्यरत शिक्षक, विद्यार्थी, कर्मचारी सबै मारमा परेको अवस्था छ।

निजी विद्यालयमा अघिल्लो वर्षको रकम अभिभावकबाट नआइकन नयाँ वर्षमा केही रकम शिक्षक, कर्मचारीलाई दिनसक्ने अवस्था रहन्नँ -न्यौपानेले भने- जुन विद्यालयले अनलाइनका नाममा केही रकम सङ्कलन गरेको होला, त्यो विद्यालयले शिक्षक र कर्मचारीलाई केही रकम दिनुभयो होला। तर, सबै विद्यालयले अहिले रकम दिनसक्ने अवस्था छैन। अहिले हामी विद्यालय सञ्चालक, शिक्षक अभिभावक सबैले बुझेका पनि छौं, तर यदाकदा सुनिन्छ शिक्षकहरु मारमा परेको कुरा।

अहिले सरकार नै यो विषयमा के गर्ने ठोस कदम चाल्न नसक्दा निजी विद्यालयलाई समस्या भएको न्यौपानेको भनाइ छ। सरकारले अहिले निजी विद्यालयमा कार्यरत् शिक्षकलाई तलब सञ्चालकले दिनुपर्छ पनि भन्न सक्दैन, होइन हामी अलिकति दिउँन त पनि सरकारले भन्न नसकिरहेको अवस्था छ -न्यौपानेले भने।



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ। छोटो समयमा पुरुषार्थी काम सम्पादन हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - दाम र प्रतिष्ठा कमाउने बेला छ। पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ। समुदायको हितमा लोकप्रिय काम गर्न सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - नोकरी र व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुने समय छ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट भने अलि सजग रहनुपर्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - परिस्थितिवश चिताएको काम रोकिन सक्छ। हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - अस्वस्थताले काममा जुट्न नसकिएला। कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - अरूका लागि बुद्धि खर्चनुपर्ला। बिग्रिएको काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। गोपनीयतामा ध्यान दिनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला। समस्या पर्दा शुभचिन्तकहरूले साथ दिनेछन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुने देखिएको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - अभिभावकको सहयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। विगतका कमजोरीलाई सुधार गर्ने मौका छ।